**निर्णय नं. १**

आगामी आ.व. २०७८।०७९ को लागि मिति २०७८।०३।१० गते नगरसभाको बैठकमा कमलवजार नगरपालिकाका नगर उपप्रमुख श्री भुमिशरण ढकाल वजगाईज्यूले पेश गर्नु भएको बार्षिक नीति तथा कार्यक्रममा प्राप्त भएका सुझावहरुलाई समेटेर देहाय वमोजिमको नीत तथा कार्यक्रम सर्बसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**कमलबजार नगरपालिकाको आ.ब.२०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट**

नगरसभा अध्यक्ष महोदय,

प्रमुख अतिथि जिल्ला समन्वय समितिका अछामका प्रमुख नरवहादुर कुवरज्यू

कमलबजार नगरपालिका १० वटै वडा अध्यक्षज्युहरु

राजनैतिकदलका उपस्थित प्रमुख तथा प्रतिनिधिज्यू

नगरसभाका सदस्यज्युहरु

कार्यालय प्रमुखज्यूहरु, नगरपालिकाको कार्यालयका सम्पुर्ण कर्मचारीहरु ,विद्यालयका शिक्षकहरु,

उद्योग वाणिज्यसंघ, वजार विकास समिति लगायत विभिन्न क्षेत्रका प्रतिनिधिज्यूहरु

विकास साझेदार तथा गैर सरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु

महिला, दलित, वालवालिका तथा विभिन्न क्षेत्रका प्रतिनिधिज्यूहरु

पत्रकार महासंघका प्रतिनिधि, रेडियो कमलवजारका प्रमुख तथा प्रतिनिधि र सम्पुर्ण सञ्चार माध्यामका प्रतिनिधिज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु

सर्वप्रथम यस गरिमामय नगरसभामा कमलबजार नगरपालिकाको बजेट र कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले विद्यमान विषम परिस्थितिका वीच यस सम्मानीत नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित छुँ । यस अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु ।

यस गरिमामय नगरसभामा उपस्थित हुनु भएका सम्पुर्ण नगरसभाका सदस्यज्यूहरुमा मेरो व्यक्तिगत तर्फवाट र हामी आयोजकको तर्फवाट कृतज्ञता सहित हार्दिक स्वागत गर्दछु ।

नेपालको संबिधान जारी भई मुलुकमा संघीय लोकतन्त्रीक गणतन्त्र स्थापना भएको करिब ५ वर्ष पुरा भएकोछ । संघ, प्रदेश र स्थानीय तहगरी तीन तहको सरकार नेपालको मुल राज्य संरचना हो । यी तिनवटै तहले नेपालको राज्यशक्तीको प्रयोग संबिधान तथा कानून बमोजिम प्रयोग गर्दै आएका छन् । संबिधानको अनुसूची ८ मा स्थानीयतहको एकल अधिकारको व्यवस्था भएको र त्यस्तो अधिकारको प्रयोग संबिधानत: गाँउ सभा वा नगरसभाले बनाएको कानून बमोजिम हुने ब्यवस्था रहेको छ । अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन २०७४ अनुसार राज्यस्रोतको बाँडफाडमा स्थानीयतहले आफनो अधिकार क्षेत्र भित्रको प्राकृतिक स्रोतहरुको उपयोग र अन्य कर, सेवा शुल्कको प्रक्षेपण गर्न आर्थिक अध्यादेश सभामा पेशगरी आर्थिक ऐन जारी गर्न सक्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नीति निर्माण गर्ने योजना पद्धतीको अबलम्वनगरी बार्षिक बजेट निर्माण र त्यसको कार्यान्वयन गर्ने संबैधानीक ब्यवस्था बमोजिम आगामी आ.व. २०७८।०७९ को बार्षीक नीति तथा कार्यक्रम नगर सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड नयाँ भेरीएन्ट सहितको कोभिड १९ संक्रमणको कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकट सामना गर्नु परेको छ । नेपालमा पनि स्वास्थ्य संकटवाट उत्पादन, व्यापार, तथा लगानी सम्मको श्रृङ्खला प्रभावित भई अर्थतन्त्रमा संकुचन आउने स्पष्ट संकेत देखिएको छ । यसको सबै प्रभावबाट हुने असरको सामना हामीले पनि भोगिरहेका छौ ।

आगामी आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा कोरोनावाट नागरिकहरुको जीवन रक्षा गर्ने र नगरवासीहरुको जनजीवनलाई गतिशील वनाउने गहन जिम्मेवारी वोध भएको छ । विगत ४ बर्ष देखिको अथक प्रयासवाट हासिल गरेको उपलव्धीको जगमा टेकेर विकास र सम्बृद्धीको यात्रालाई तिब्रता दिने मार्गमा कोरोना महामारीको कारण यस बर्ष पनि ठुलो धक्का पुगेको छ । शताब्दीकै यस बिषम परिस्थितिमा सबै राजनैतिक दल, जनप्रतिनिधि, कर्मचारी, संघसंस्था र आम नागरिकहरुको सहयोग र ऐक्यबद्धताले बर्तमान चुनौती सामना गर्न सकिन्छ भन्ने नगरपालिकाको दृढ विश्वास छ ।

आगामी आर्थिक बर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतिलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहेको छ । यस अवस्थामा सबै कमलवजार नगरपालिकाका जनताहरुको जीवन रक्षागर्ने, भविश्य प्रति आशायुक्त आश जगाउने विकासको वाटोमा लैजाने गरी वजेट तर्जुमा गरिएको छ ।

**बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका आधारहरु:-**

- नेपालको संविधान २०७२ बमोजिम स्थानीयतहका अधिकारहरु, मौलिकहकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु ।
- संघीय र प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, र सोमा भएको राज्यस्रोतको बाँडफाडको व्यवस्था ।
- सरोकारवालाहरु संगको परामर्श बैठक मार्फत प्राप्त सुझावहरु ।
- वडास्तरको योजना तर्जुमा प्रक्रियावाट प्राप्त निर्णयहरु ।
- कमलवजार नगरपालिकाको विभिन्न ऐन, नियम, निर्देशिका र नियमावलीहरु ।
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु ।

**उपस्थितित महानुभावहरु:-**

कमलबजार नगरपालिकामा चालु आ.ब..२०७७।७८ मा सम्पन्न भएका र हुन गइरहेका कियाकलापको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहान्छु ।

**स्वाथ्य तर्फ :-**

स्वास्थ्य संस्थाः १५ शैयाको आधारभुत अस्पताल १ निर्माणाधिन, स्वास्थ्य चौकी ८, आधारभुत स्वास्थ्य केन्द्र १ र बर्थिंग सेन्टर भएका संस्था ८ र वर्थिंग सेन्टर नभएका स्वास्थ्य संस्था सेरा र कुरईका, गाउघर क्लिनिक २४ वटा खोप क्लिनिक २९ वटा, माईक्रो स्कोपिक सेन्टर १ , ५ ओटे परिवार नियोजनका सेवाभएको संस्था ३ वटा, किसोर किसोरी मैत्री सेवा प्रदान गर्ने संस्था ४ वटा र किसोर किशोरी मैत्री सेवा प्रवाहगर्ने प्रमाणित भएका संस्था २

क) कमलवजार नगरपालिकामा रहेको २ वटा एम्बुलेन्सवाट नियमित सेवा प्रदान भएको ।

ख) नगरपालिकावाट थप प्रोत्साहन सुविधावाट १ जना मेडिकल अधिकृत कार्यरत रहेको ।

ग) दादुरा रुवेलावाट हुने मृत्यु र विरामीहुने दरलाई कम गर्न नगरपालिकाका १० वटै वडामा दादुरा रुवेला अभियान सम्पन्न ।

घ) स्वस्थ गर्भ र स्वस्थ बच्चाका लागि ग्रामिण अल्ट्रासाउण्ड सेवा ५५० जनालाई प्रदान गरिएको ।

ङ) सुत्केरी संग उप-प्रमुख पोषण प्रोत्साहन कोशेली कार्यक्रम अन्तरगत ५५० जना महिलालाई पोषण सामाग्री वितरण भएको ।

च) घातक रोगवाट वच्नको लागि राष्ट्रिय खोप कार्यक्रम निरन्तर सञ्चालन भैरहेको ।

छ) कोभीड १९ को संक्रमण र रोकथाममा समन्वय गरी १० बटैवडा तहमै गएर पिसिआर स्वाव संकलनलाई निरन्तरता दिएको ,

ज) प्राथमिक स्वास्थ्य केन्द्र कमलवजार पिसिआर प्रयोगशालामा हाल सम्म ७७८६ जनाको पिसिआर परिक्षण, २६८३ जना पोजेटिभ र कमलवजार नगरपालिका क्षेत्रको मात्र ११५७ जना पिसिआर परिक्षण नगरपालिका क्षेत्र भित्रको मात्र ५२२ जना हाल सक्रिय संक्रमितिको संख्याः १४ मात्र रहेको । मिति २०७८।३।९ गते सम्म २ जना कोरोना पोजेटिभको मृत्यु भएको ।

झ) कमलवजार नगरपालिका अन्तरगत ५ वेडको कोरोना अस्थाई अस्पताल र १५ वेडको आईसोलेसन सेन्टर स्थापना भै सञ्चालनमा रहेको छ ।

ञ) कोरोना भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने सामाग्री स्वास्थ्य सुरक्षाका सामाग्रीहरुको व्यवस्थापन, सबै स्वास्थ्य संस्थाहरुमा जरो क्लीनिक सञ्चालन, कोरोना पोजेटिभ भएका व्यक्तिहरुलाई चिकित्सक सहितको टोलिवाट परामर्श गरीएको ।

ट) पिसिआर परीक्षण प्रयोगशालाको लागि आवश्यक उपकरण, रिएजेण्ट तथा व्यवस्थापन कार्यको लागि जिल्लाका सबै स्थानीयतह र स्वास्थ्य कार्यालय र प्रदशेस सरकार संग समबन्वय विस्तार भै सहयोग प्राप्त भैरहेको ।

ठ) १० वटै वडाका ९३ जना महिला स्वास्थ्य स्वयंसेविकालाई प्रतिव्यक्ति प्रति बार्षिक १०००। थप प्रोत्साहन भत्ता सहित २२ हजार प्रोत्साहन भत्ता उपलव्ध गराइएको ।

ड) आमा सुरक्षा ,गर्भवती उत्प्रेरणा सेवा, न्यानो झौला र निशुल्क गर्भपतन कार्यक्रम सम्पन्न ।

ढ) स्वास्थ्य संस्था नभएको वडा नं. ५ मा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको संञ्चालन

ण) स्वास्थ्य संस्थामा रिक्तरहेको करार दरवन्दी पदपूर्ति एचए ३ जना अनमी २ जना अहेव ३ जना जम्मा ८ जनाको पदपूर्ति भै सेवा प्रवाहमा परिचालन गरेको ।

त) २०७७ श्रावण १ गते देखि २९६ दक्ष प्रसुति कर्मिवाट र ४८ अन्य स्वास्थ्य कर्मिवाट गरी जम्मा ३४४ जनालाई सेवार प्रदान गरीएको

थ) पूर्णखोप सुनिश्चितता नगर घोषण र ३६८ जना वालवालिकालाई पूर्णखोप प्रदान ।

द) एजआईभी संक्रमित महिला ४६ पुरुष २७ एआटी सेवा प्रदान महिला४२ पुरुष २३

ध) ६० बर्ष उमेर पुगेको २ जना महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान्न तथा प्रसंसापत्र प्रदान ।

न) कमलवजार वजार क्षेत्रमा कोरोना पोजेटिभ २७ जना परिवारलाई १० दिन सम्म राहात स्वरुप खानेपानी सेवा ढुवानी गरी वितरण गरीएको ।

**महिला वालवालिका शाखा तर्फ:-**

क) १० वटै वडामा गठित महिला समुह, समिति, र सहकारी संस्था संग समुह गतिशीलता तथा कोरोना भाईरसले पारेको प्रभाव तथा वच्ने उपायहरुको वारेमा ३१५ जना सहभागिसचेतना र्कार्क्रम सम्पन्न ।

ख) पूर्व सहकारी शिक्षा सम्बन्धि ६५ जना १ दिने अनुशिक्षण कार्यक्रम सम्पन्न

ग) २० जना विपन्न हिंसा पिडित एकल महिलाहरुका लागि बाख्रा पालन व्यवसाय तालिम र व्यवसाय अनुदान सअयोग ।

घ) ३० जना विद्यालय विमुख किशोरीहरुलाई जिवन उपयोगी सिप सम्बन्धि ५ दिने तालिम सम्पन्न ।

ङ) अन्तराीष्ट्रय महिला दिवश तथा लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन च) अपांग परिचय-पत्र वितरण सिविर सञ्चालन गरी  परिचय-पत्र वितरण ।

छ) महिलाहरुको समुह समितिहरुको वडा स्तरमा अनुगमन ।

ज) लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७ स्वीकृत गरी कोष स्थापना

**न्यायिक समिति तर्फ**

क) न्यायिक समितिको बैठक त्रैमासिक रुपमा ३ पटक वसेको ।

ख) घरेलु हिंसा सम्बन्धी परेको निबेदन माथि आवश्यक छलफल गरी मेलमिलाप कर्तासंग पठाएर मेलमिलाप गरेको ।

ग) वालविवाह न्यूनिकरणका लागि जनचेतना कार्यक्रम सञ्चालन

**शिक्षा तर्फ :-**

क) विद्यालय वन्द रहेको अवस्थामा बैकल्पीक विधिको प्रयोग गरी पठन पाठन सुचारु गर्ने सिकाई सामाग्री वितरण गरएिको ।

ख) निरन्तर विद्यार्थि मूल्याँकन अभिलेख व्यवस्थापन तालिम तथा सामाग्री वितरण

ख) वि.व्य.स. तथा शि.अ.संघको पूर्णता, क्रियाशिलता तथा क्षमता विकास सम्बन्धी तालिम सम्पन्न

ग)नगरशिक्षा समितिको बैठक, सामुदायिक सिकाई केन्द्र परिचालिका तथा अध्यक्षहरुको बैठक सञ्चालन

घ) वाल शिक्षा शिक्षकको बैठक, प्र.अ.को बैठक चौमासिक रुपमा सञ्चालन ।

ङ) नगरपालिका स्तरीय  संयुक्त अनुगमन

च) वडा स्तरीय  विद्यार्थि  सिकाई स्तर समिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन शैक्षिक शत्र २०७९ को शैक्षिक कार्ययोजना निर्माण तथा शैक्षिक पात्रो प्रकाशन ।

छ) नगरपालिका स्तरीय परिक्षा सञ्चालन तथा व्यवस्थापन

ज) शिक्षक दरवन्दी तथा विद्ययार्थि अनुपातको आधारमा स्वयंसेवक शिक्षक ५९ जनाको कोटा निर्धारण तथा स्वयंसेवक शिक्षक पदपूर्ति सम्बन्धि कार्यविधि स्वीकृत । मिति २०७७ चैत्र १ गते देखि मा.वि. १४ जना नि.मा.वि २४ जना र प्रा.वि. १० जना ४८ जना स्वयंसेवक शिक्षक छनौट भै विद्यालय व्यवस्थापन समितिवाट नियुक्ती भै विद्यालयमा कामकाज गरीरहेको  र पदपूर्ति हुन वाकी ११ जना स्वयंसेवक शिक्षक भर्ना प्रक्रियामा रहेको ।

झ) कमलवजार बहुमुखि क्याम्पसको पूर्वाधार विकास तथा शैक्षिक विकासको लागि आवश्यक वजेटको व्यवस्थापन गरीनेछ ।

ञ) विद्यालय कर्मचारी तथा वालविकास केन्द्रका सहजकर्ताहरुको थप सुविधा तथा पारीश्रमिक सम्बन्धमा नगरकार्यपालिकावाट कार्यविधि तर्जुमा तथ सुविधा प्रदान गरीने छ ।

**कृषि तथा पशु सेवा शाखा तर्फ :-**

क) तरकारी पकेट स्थापना ४ वटा ( घोडासैन, चाल्सा, वीरपथ, मष्टावणडली)

ख) क.न.पा. ४ चाल्सा का उत्कृष्ट कृषकहरुलाई (पोलिहाउस, बिउविजन सहयोग)

ग) ५१३ जना कृषकहरुलाई विउविजन वितरण

घ) ५० प्रतिशत अनुदानमा च्याउको विउ वितरण ।

ङ) ६०० वटा कि.वि. विरुवा ८० प्रतिशत अनुदानमा वितरण

च) कृषि विकास शाखावाट निशुल्क विषादी वितरण ।

छ)  २३ जना कृषकलाई ३ दिने बेमौसमि तरकारी खेति सम्बन्धि तालिम र बिउविज तिरण ।

ज)  २२ जना कृषकलाई च्याउखेति सम्बन्धि तालिम र ७५ प्रतिशत अनुदानमा विउ तिरण ।

झ) कमलवजार क्षेत्रका गैरीटाडमा बहुउद्धेश्यीय नर्सरी स्थापनाको लागि सम्झौता  ।

ञ) कृषि ज्ञानकेन्द्रवाट कमलवजारमा १ वटा तरकारी संकलन केन्द्र पूर्वाधार निर्माण कार्य प्रारम्भ भएको ।

**पशुसेवा शाखा तर्फ**

क) २२ जनालाई व्यवसायिक बाखापालन तालिम प्रदान गरीएको ।

ख) रेविज भेक्सीन ८० वटा घरपालुवा कुकुरलाई लगाएको र रानीखेत भ्याक्सीन ४०० डोज कुखुरामा लगाएको ।
ग) पशु स्वास्थ्य सम्बन्धि औषधी खरीद तथा पशुस्वास्थ्य सेवा प्रबाह ९२५० जनालाई घ) १० जना बाखापालन व्यवसायीलाई लागत साझेदारीमा बाखापालन अनुदान सहयोग सम्झौता
ङ) बाखापकेट क्षेत्र वडा नं. ३ वयालामा ४० वटा बाखा वितरण र ५ वटा खोर निर्माण, र ५ वटा उन्नत जातका बोका वितरण ।
च) वडा नं. ३,५,६ र ९ मा ५ हजार बाखालाई पिपिआर खोप लगाएको ।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सेवा ईकाई तर्फ**

क) कमलवजार नगरपालिकाका सबै वडाहरुमा अनलाईन घटना दर्ता कार्य शुरु भएको ख) कमलवजार नगरपालिकाका सबै वडाहरुमा कम्पूटर, प्रिन्टर स्कायनर र 4G राउटर वितरण गरिएको ।
ग) कमलवजार नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनुशिक्षण र घटना दर्ता शिविर सञ्चालन ।
घ) पुराना अभिलेखवाट व्यक्तिगत घटना दर्तालाई डिजिटाईजेशन कार्य भैरहेको ।
ङ) सामाजिक सुरक्षा तथा वाल पोषण भत्ता बैंक मार्फत वितरण गर्ने कार्य भैरहेको ।

**बहुक्षेत्रीय पोषण योजना कार्यक्रम तर्फ**

क) सासुबुहारी अन्तरक्रिया, महिला पुरुष समविकास तालिम
ख) व्यवसायिक उद्यमशिलता प्रशर्द्धनमा सहकारी संस्थालाई अनुदान
ग) अनुदान प्राप्त व्यवसायीलाईआयआर्जन सम्बनिध तालिम प्रदान
घ) वडा नं. ६ र ९ मा सुनौला हजार दिनका आमाहरुलाई ६०० वटा कुखुराको चल्ला वितरण ।
ङ) बहुषेत्रीय पोषण योजना कार्यक्रम अन्तरगत स्वीकृत अन्य कार्यक्रमहरु सञ्चालनको क्रमामा रहेको

**गरीविनिवारका लागि लघुउद्यम विकास  कार्यक्रम तर्फ**

क) ९० जना  नया उद्यमीहरुलाई उद्यम विकास सृजना सम्बन्धि ७ दिने तालिम ।
ख) नया उद्यमिहरुलाई व्यवसाय सञ्चालन सम्बन्धि तालिम ५५ जना ।
ग) सिप विकास तालिम बाखापालन, कुखुरापालन तालिम  १३ जना ।
घ) पुराना उद्यमिहरुको स्तरोन्नती तालिम ३५ जना
ङ) विउविजन, पोलिहाउस र स्प्रे ४५ जना उद्यमिहरुलई हस्तान्तरण ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

क) काममा संलग्न वेरोजगार व्यक्तिहरुको महिला ३४९ पुरुष १३५ जममा संख्या : ४८४ जना
ख) सडक सोलिंग तथा मर्मत ७ वटा , ग्रामिण खानेपानी २ वटा घेरापर्खाल १२ वटा र सामुदाकि पूर्वाधार संख्या २ वटा गरी जम्मा आयोजना संख्या २३ वटा निर्माण कार्य भैरहेको ।

**भौत्तिक पूर्वाधार तर्फ**

क) २२ कि.मी.नयाँ सडक ट्र्याक खोलिएको ।
ख) ९ कि.मी.सडक चौडाई र ग्राभेल निर्माण ।
ग)नगरपालिका, हेल्भीटास, रुडेकाको साझेदारीमा ५ वटा खानेपानी योजना सम्पन्न
घ) संघीय खानेपानी कार्यालयको अनुदानवाट कमलवजार खानेपानी लिफ्टिंग योजना निर्माण प्रक्रिया सुरु । ङ) कमलवजार खानेपानी योजना मर्मत सुरधार तथा ५ लाख लिटर क्षमताको खानेपानी टयाँकी निर्माण प्रक्रिया अगाडी वढाईएको ।
च) सिंचाई योजना संख्याः ४ वटा सम्पन्न,  लाभान्वीत घरधुरी २५८ : सिंचित क्षेत्रफल : ४५ हेक्टर
छ) विद्यालय शौचालय निर्माणः २ वटा
ज) स्वास्थ्य भवन निर्माणः २ वटा
झ) वर्थिङ्गसेन्टर भवन निर्माणः २ वटा
ञ) कवर्डहल १ निर्माणाधिन
ट) कमलवजार वजार क्षेत्रमा सोलार सडक वत्ति जडान प्रक्रिया अगाडी वढेको
ठ) झोलुङ्गेपुल निर्माण २ वटा क्रमागत योजनाको रुपमा काम भैरहेको ।
ड) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम वाट ११ वटा विद्यालयको पक्की २२ वटा कक्षा, संघि विषेश अनुदानवाट जालपादेवि मा.वि.को १० कोठे पककी भभवन निर्माण र फर्निचर, शिक्षा तर्फको ससर्त कार्यक्रमवाट २ वटा विद्यालयको ८ वटा पक्की भवन निर्माण कार्य भैरहेको
ढ) १५ शैयाको आधारभुत अस्पता निर्माणको सम्झौता भै कार्यप्रारम्भ भएको ।
ण) सडक बोर्ड नेपालवाट मुलि, वजुडा, विन्ताल्ला सडक सुधार र ग्याविन पर्खाल निर्माण भैरहेको ।
त) ४० जना आईएसी एजी र ४० जना कृषि जेटिए छात्रबृति अनुदान कार्यक्रम जालपादेविमा.वि. कृषि प्राविधिक छात्रा अनुदान सहयोग प्रदान गरेको

त) सुरक्षित नागरीक आवास कार्यक्रम अन्तरगत नगरपालिकाको १० वटै वडामा १६६ जनाको खरले छाएको छाना परिवर्तन गरी जस्तापात लगाउने कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडी बढिरहेको

द) नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको आर्थिक सहयोगवाट ११ वटा योजना कार्यान्वयन गर्ने गरी सम्झौता वमोजिम निर्माण कार्य भैरहेको ।

ध) नगरकी छोरी प्यारी छोरी कार्यक्रम अन्तरगत बार्षिक रु १०००। बैक खाता खोलि जम्मा गर्ने कार्य भैरहेको ।

**विद्युत लाईन विस्तार**

क) केन्द्रीय विद्युत प्रसारण लाईनवाट कमलवजार नगरपालिकाको वडा नं. ६, ९, र वडा नं. १ र २ को (वजार क्षेत्रमा) आंसिक रुपमा विद्युत लाईन विस्तार भै विद्युत प्रसाण भैरहेको र नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ७, ८ र १० को वडा कार्यालय सम्म केन्द्रिय प्रसारण लाईन विस्ताको लागि विधुत पोल गाडने र तार तान्ने कार्य भैरहेको ।

अध्यक्ष महोदय,

अव म आगामी आ.ब.२०७७७८ को नीति बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**रणनीति, उद्देश्य र लक्ष :-**

यस नगरपालिकाको दीर्घकालीन सोच "कमलबजार नगरपालिकाको सम्बृद्धिको आधार, शिक्षा स्वास्थ्य, पर्यटन र ब्यापार सहितको पुर्वाधार " रहेको छ ।

आर्थिक तथा सामाजीक बिकासद्वारा मानव बिकास सुचांकमा सुधार र पूर्वाधार बिकास सहितको सुबिधा सम्पन्न नगरका रुपमा बिकसित गरि सम्बृद्ध नगर, सुखी नगर बासि बनाउन यस नीति बजेट तथा कार्यक्रमको प्रमुख लक्ष्य रहेको ।

१.आगामी आ.व.को बजेट बिनियोजन गर्दा बहुबर्षीय आयोजना तथा चालु आ.ब.का अधुरा योजनाहरु लाई सम्पन्न गर्न प्राथमिकता दिएको छ । साथै बार्षिक कार्यक्रम तय गर्दा स्थानीय कच्चा पदार्थ, शीप ज्ञान र प्रबिधिको प्रयोग हुने तथा रोजगारी सृर्जना गर्ने आयोजना छनोटमा प्राथमीकता दिने नीति लिएको छ ।

२.कोभिड-१९ संक्रमणको ब्यापकताले सृजना हुनसक्ने परिस्थितिको आँकलनगरी कमलवजार नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र कमलवजारमा सञ्चालनमा रहेको आरटिपिसिआर प्रयोगशालावाट गरिरहेको सिपसिआर परिक्षण, आईसोलेसन व्यवस्थापन, सचेतना कार्यक्रम सुचना तथा तथ्याङ्क संकलन तथा संप्रेषण जस्ता कार्यहरुका लागि यी क्षेत्रको बिध्यमान अवस्था बिश्लेषणका आधारमा आवश्यकता पहिचानगरि आगामी बर्षको नीती कार्यक्रम र बजेटमा प्राथमीकता साथ समाबेस गरीएको ।

**कोभिड-१९ बाट शिर्जीत संकट ब्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था :-**

१.कोभिड-१९ मा स्थानीय तहमा खटिने स्वास्थ्य कर्मी तथा जनशक्ति लाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क,पन्जा, सेनिटाईजर,पिपिई) हरुको अभाव नहुने गरि बजेट ब्यवस्था गरिने छ ।

२.कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि क्षमता बिकास तथा जनचेतना मुलक कार्यक्रमको लागि आवश्यक बजेट ब्यवस्था गरिने छ ।

३.नगरपालिका रहेका एम्बुलेन्सलाई चौबिसै घण्टा संचालन हुने गरि तयारी हालतमा राख्न आवश्यक बजेट ब्यवस्था गरिने छ र आगामी आ.व.को कार्यक्रमवाट थप १ वटा नयाँ एम्बुलेन्स खरीद गरी सेवाप्रवाहमा सुधार गरीने छ ।

४.कोभिड-१९संक्रमित भएका ब्यक्तिहरुलाई चिकित्सक सहितको स्थाथ्यकर्मिहरुको सिफारीस वमोजिम मनोसामाजिक परामर्श सेवा आवश्यक पर्ने ब्यक्तिहरु लाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिने छ ।

५. कोभीड १९ को स.क्रमणको अग्रपंतिमा खटीने स्वस्थ्य कर्मि र कर्मचारीहरुलाई नेपालसरकारले तोके बमोजिमको जोखिम भत्ता प्रकोप व्यवस्थापन कोष तथा स्वास्थ्य तर्फको ससर्त कायक्रमवाट व्यवस्थापन गरीने छ ।

६. आ.व. २०७७०७८को श्रावण १ गते देखि कमलवजार नगरपालिकाका भित्रमा कोभिड १९ संक्रमणवाट मृत्युहुने प्रति परिवारलाई राहत स्वरुप रु २००००। वीसहजार मात्र प्रकोप व्यवस्थापनवाट आर्थिक सहायत प्रदान गर्ने नीति अवलम्बन गरीनेछ ।

७.प्राथमिक स्वास्थ्य केन्द्र कमलवजारमा सञ्चालनमा रहेको आरटि पिसिआर प्रयोशाला सञ्चालन र व्यवस्थापनको अछाम जिल्लाका सबै स्थानीयतहहरुवाट यस आ.व.मा प्राप्त भएको आर्थिक सहयोको लागि हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी आ.व.मा समेत कोभीड १९ को संक्रमणको जोखिम कायमै रहेको अवस्थामा अछाम जिल्लाका सबै स्थानीयतहहरु, स्वास्थ्य कार्यालय, अछाम र विकास साझेदारहरुसंग समन्वय गरी थप आर्थिक सहयोग प्राप्त हुने अपेक्षा गरीएको छ ।

**सामाजिक क्षेत्र संग सम्बन्धित (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र सडक)**

**स्वास्थ्य**

क) १५ शैयाको आधारभुत अस्पता भवन निर्माण कार्यलाई तिब्रता दिईने छ ।

ख) प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सकलाई थप प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिईने छ

ग) कमलवजार आधारभुत अस्पतालवाट प्रसुती सेवा प्रदान गर्नको लागि छिमेकी पालिकाहरुवाट समेत श्रोत जुटाई १ जना स्त्रीरोग विशषज्ञ करार दरबन्दीमा नियुक्त गरी सेवा प्रवाह गरीने छ ।

घ) नगरपालिकाको सबै वडाहरुमा त्रैमासिक रुपमा घुम्ति स्वास्थ्य सेवा सञ्चालन गरीने छ ।

ङ) शून्य होम डेलिभरी सेवा प्रदानको लागि आवश्यक कार्ययोजना तर्जुमा गरी लागु गरीने छ ।

च) अस्पताल स्वास्थ्य चौकी तथा स्वास्थ्य ईकाई बाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगाएतका जनस्वास्थ्य सेवाहरु उपचारात्मक सेवाको लागि आवश्यक औषधी उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक बजेट ब्यवस्था गरिएको छ ।

छ) वयालपाटा अस्पताललाई व्यवस्थापन सहयोग स्वरुप अनुदान सहयोग गरीने छ ।

ज) सुत्केरी संग उपप्रमुख पोषण सहयोग कार्यक्रम सञ्चालन सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरीएको छ ।

ज महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक १०००। एकहजार प्रोत्साहन भत्ता प्रदान गर्न वजेट विनियोज गरएिको छ ।

**शिक्षा**

क) कमलवजार वहुमुखि क्याम्पसको लागि आवश्यक जग्गा प्राप्ती गर्न र क्याम्पस सञ्चालनको लागि आवश्यक वजेटको व्यवस्था मिलाईने छ ।

ख) विद्यालय कर्मचारी तथा वालविकास केन्द्रका सहजकर्ताहरुको थप सुविधा तथा पारीश्रमिक सम्बन्धमा नगरकार्यपालिकावाट कार्यविधि तर्जुमा तथ सुविधा प्रदान गरीने छ ।

**खानेपानी तथा सरसफाई**

क) कमलवजार वजार क्षेत्रमा व्यवस्थीत सार्वजकि शौचालय निर्माण गरीने छ

ख).कमलवजार वजार क्षेत्रमा खानेपानीको अत्यन्तै समस्या भएकोले क.न.पा. २ वजुडा र क.न.पा. १ मुलिवाट खानेपानी लिप्टिंग गरी कमलवजार वजार क्षेत्रमा एकघर एक खानेपानी धारको अवरधारण अनुरुप खानेपानी सेवा प्रदान गरीने छ ।

ग) लागत साझेदारीको आधारमा रुडेक नेपाल संगको साझेदारीमा एक घर एक खानेपानी धारको अवधारण अनुरुपम खानेपानी योजना निर्माण गर्नको लागि आवश्यक वजेट विनियोज गरीएको छ ।

ङ) कमलवजार नगरपालिकाको वडा नं. २ रागांलोटेमा व्यवस्थित डङ्गिम्प साईट निर्माणको लागि विस्तृत लागत अनुमानन तयार गरी प्रदेश तथा संघीय सरकार संघको लागत साझेदारीमा योजना कार्यान्वयन गरिने छ ।

च) खानेपानी तथा सिंचाई योजना निर्माण तथा मर्मत उपभोक्ता समितिहरुको बैंक खाता स्तः मर्मत सम्भार समितिमा परिणत गर्ने र खाता वन्द नहुने नीति अवलम्बन गरीने छ ।

ङ) सुरक्षितखानेपानी सेवाको सुनिश्चित गर्न खानेपानी, सरसफाईतथा स्वच्छता योजनाको प्राथामिकता मा रहेका खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरि "एक घर एक धारा"को अवधारणा अनुसार सुरक्षित खानेपानीयुक्त समुदाय विकास तथा घोषणा गर्ने । साथै उक्त समुदायहरुलाई पूर्ण सरसफाईमा नमुनाका रुपमा पनि विकास गरिनेछ ।

च). विद्यालयहरुमा पहुँच युक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चित गरि तीनतारे विद्यालयहरुको विकास तथा घोषणा गरिनेछ ।

छ) खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्यांकहरुको नियमितअद्याबधिक तथा ब्यवस्थापन गर्ने । साथै खानेपानी, सरसफाई तथा स्वच्छता सेवा नपुगेका बस्तीहरुको पहिचान गरि प्राथामिकताका आधारमा सेवा सुनिश्चित गरिनेछ ।

ज) खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको समुचित संयोजन, ब्यवस्थापन तथा संचालनका लागि आवश्यक निर्देशिका तथा कार्यविधीहरु स्वीकृत गरि सोही बमोजीम कार्यकमहरु संचालन गरिने छ ।

झ) खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको समुचित विकासका खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको प्राथामिकतामा रहेका कार्यक्रहरु संचालनका लागि छुट्टै शाखा स्थापना गरी योजनाको प्रभावकारी कार्यान्वयन गर्न यूनीसेफ लगायत अन्य निकायहरुसंग सहकार्य गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।

**सडक विस्तार तथा सुधार**

क) लागत साझेदारीको आधारमा गैरीटाँड कमलवजार ८ कि.मी सडक कालोपत्रे गर्न वजेट विनियोज गरिएको छ।

ख) कमलवजार नगरपालिकाको १० वटै वडा कार्यालयमा सम्मको सडकहरुको मर्मत सुधार गरी यातायात सञ्चालन गर्नको लागि आवश्यक वजेट विनियोज गरिने छ।

**स्थानीय वजार व्यवस्थापन , वातावरण संरक्षण र जैविक विविधता**

क) स्थानीय उत्पादनको मुल्य निर्धारण र अन्य वस्तु तथा सेवाहरुको मुल्यमा एकरुपता ल्याउन आवश्यक नीति अवलम्बन गरीने छ।

ख) स्थानीय वजारहरुको नियमित अनुगमन गरी उपभोक्ता अधिकारको संरक्षण गरीने छ।

ग) २०७८ श्रावण १ गते देखि लागु हुने गरी पलास्टिक जन्य पदार्थवाट हुने वातावरणिय प्रदुषण न्यूनीकरण गर्न ४० माई भन्दा पातलो पलास्टिकको उत्पादन, आयात, विक्रिवितरण र प्रयोगमा पूर्णरुपमा प्रतिबन्ध लगाईएको छ।

**आर्थिक बिकास सम्बन्धी (कृषी पशु सेवा ,उद्योग, बाणिज्य, सहकारी, पर्यटन र अन्य)**

१. किसानको लागत मुल्य प्राप्तीको सुनिस्ततताको लागि कृषि तथा पशु बिमा कार्यक्रम लाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत ब्यवस्था गरिने छ।

२. स्थानीय तह भित्र रहेका बाँझो जग्गाहरुको एकिकृत तथ्याङ्क संकलनगरी सो को पुर्ण उपयोगको ब्यवस्था मिलाउन भूमी बैकको अवधारणा कार्यान्वयन गर्न सहजिकरण गर्ने। यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान को ब्यवस्थापनको लागि सहयोग गरिने छ।

३.स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रबर्द्धन गर्न शीपमुलक तालिमको ब्यवस्थागरि उत्पादित बस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदानगर्न सहयोग पुग्ने गरि कार्यक्रम तथा बजेट ब्यवस्था गरिने छ।

५.बिदेशबाट फर्किएका तथा रोजगारीको खोजिममा रहेका वरोजगार ब्यक्तिहरुलाई रोजगार उपलब्ध गराउनका लागि हुने निर्माण, सेवा, ब्यवसाय, उद्योग, कृषि, लगाएतका क्षेत्रका समन्वयगरि प्रधानमन्त्री रोजगार कार्यक्रमवाट रोजगारी प्रदान गर्ने ब्यवस्था मिलाईने छ।

६. किसानवाट उत्पादन भएको तरकारी, फलफुल, नगदेवालीको समायोजन मुल्य निर्धारण गरी वजारीकरणको लागि आवश्यक समन्वय र सहजिकरण गरीने छ।

**बातावरण तथा बिपद ब्यवस्थापन सम्बन्धी** :

१ कोभिड-१९ बाहेकका बिपद्हरुको रोकथाम तथा न्युनिकरणको लागि पूर्व तयारी , प्रतिकार्य र पुर्नलाभका कार्यक्रम सन्चालन गर्न स्थानीय बिपद ब्यवस्थापन कोषमा आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

२.पूर्वाधार बिकासका क्रियाकलापहरु संचालन गर्दा बिपद जोखिम संबेदनशिलतालाई केन्द्र बिन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा इष्टिमेट गर्ने ब्यवस्था मिलाइने छ।

३. नगरपालिका भित्र रहेका सामुदायिक, निजि, सरकारी वनलाई डिभिजन वन कार्यालयको समन्वयमा वन ब्यवस्थापन, नियमन, नियन्त्रण कार्यलाई सुधार गरीने छ।

**सुशासन तथा संस्थागत बिकास सम्बन्धी** :

१. कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा बिषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भए सम्म सूचना प्रबिधि मैत्री बनाउन आवश्यक बजेट ब्यवस्था गरिएको छ।

२. कोभिड-१९ को कारण कर तथा गैरकर राजश्व पर्न सक्ने असरलाई आँकलन गरि आन्तरीक आय अनुमानलाई सके सम्म यथार्थपरक हुने गरी प्रक्षेपण गरिएको छ।

३. आर्थिक क्रियाकलापहरुमा आएको संकुचन संगै स्थानीयतहको आन्तरिक आय, अन्तर सरकारी बित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यान दिदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिएको छ ।

४. सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट बिनियोजनगरी प्रशासनीक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिएको छ ।

५. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सेवा ईकाई अन्तरगत कार्यरत जनशक्तिलाई लागत साझेदारीको आधारमा आगामी आ.व.मा सेवा निरन्तरताको लागि परिचालन गरीनेछ ।

६.नगरप्रहरी को गठन सञ्चालन व्यवस्थापन सम्बन्धि नीति कानुन, मापदण्डहरुको निर्माण गरी कार्यान्वयन गरीने छ ।

७. नगरपालिकाका भित्रका मुहत्वपुर्ण विकास आयोजनाहरुको तथ्यांक संकलन तथा प्राथमिकीकरण गरी परियोजना बैंक तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

८.नगरपालिकाको करार सेवामा कार्यरत रहेको कर्मचारीहरुको सेवा सुविधा बृद्धिको माग गरेको हुदा नेपाल सरकारवाट तोकिएको न्यूनतम पारीश्रमिक र नेपाल सरकारवाट सम्बन्धित तहको लागि तोकिएको पारीश्रमिक भुक्तानी भैरहेकोमा सोहिलाई निरन्तता दिने र नगरपालिकाको आन्तरीक श्रोत र संघीय सरकारवाट राजश्व वाडपाडको सिलिंग बमोजिमक वजेट निकासा प्राप्त भएका कार्यपालिकाको निर्णय वमोजिम थप सुविधा प्रदान गर्न सकिने छ ।

९. कमलवजार नगरपालिकाका १० वटै वडा कार्यालय सम्म केन्द्रिय विद्युत प्रसारण लाईन विस्ताको लागि वजेट विनियोज गरी थप सहयोगका लागि सम्बन्धित निकायहरु संग समन्वय गरीने छ ।

१०. कमलवजार नगरपालिकामा २०७४ असाढ महिना देखि २०७७ असाढ महिना सम्म ( ४ बर्ष) को विभिन्न योजना तथा कार्यक्रम झल्कीने गरी ४ बर्षे प्रगति समिक्षाको विवरण अध्यावधिक गरी प्रकासन गरीने छ ।

**<u>महिला वालवालिका तथा जेष्टनागरीक तर्फ</u>**

क) वालविवाहलाई निरुत्साहित गर्न नगरकी छोरी प्यारी छोरी कार्यक्रम सञ्चालनको लागि आवश्यक वजेट विनियोज गरीने छ ।

ख) लैंगिक हिंसा पिडिल महिलाहरुलाई अल्पकालिन आवस निर्माण गर्नको लागि वजेट विनियोज गरिने छ ।

**<u>स्रोत अनुमान व्यवस्थापन र बाँडफाँड</u>**

आगामी आ.ब. २०७७८०७९ का लागि निम्न अनुसार खर्च बेहोर्ने स्रोतको अनुमान गरिएको छ ।

१.नगरपालिकाको आन्तरीक आय बाट रु. ३० लाख

२.संघिय राजश्व बाँडफाँड बाट रु. ७ करोड ८६ लाख ९ हजार

३.बित्तिय समानीकरण बाट रु. ९ करोड २९ लाख

४.प्रदेश वित्तिय समानीकरण अनुदान बाट रु. ६९ लाख

५.प्रदेश राजश्व बाँडफाड बाट रु. १६ लाख

६.सशर्त अनुदान बाट रु. २५ करोड २८ लाख

७. २०७७७०७८ को अनुमानित मौज्दाद आम्दानी १ करोड

उपरोक्त अनुसार रु. ४४ करोड ६८ लाख ९ हजार मात्रको आय अनुमान प्रस्ताव गरीएको छ । आगामी आर्थिक बर्षमा चालु तर्फ २७ करोड ३६ लाख ३५ हजार र पुजिगत तर्फ १७ करोड ३१ लाख ७४ हजार गरी जम्मा रु. ४४ करोड ६८ लाख ९ हजार मात्रको व्यय अनुमान गरीएको छ ।

विस्तृत व्यय अनुमान प्रस्ताव निम्नानुसार पेश गरेकी छु ।

**<u>चालु तर्फको शिर्षकगत व्यय अनुमान</u>**

१) शसर्त अनुदान चालु तर्फ रु १९ करोड

२) वडागत चालु खर्च रु ६० लाख

३) नगरपालिका चालु खर्च रु ६ करोड ७६ लाख ३५ हजार

जम्मा ९ करोड २६ लाख ३५ हजार

**<u>पुजिगत तर्फको कार्यक्रमगत व्यय अनुमान</u>**

१) शसर्त अनुदान पुजिगत ५ करोड २७ लाख

२) संघीय विशेष अनुदान ५८ लाख

३) वडागत पुजिगत वजेट वाडफाड ४ करोड ६९ लाख

४ नगरपालिका पुजिगत तर्फ ६ करोड ९४ लाख ७४ हजार

जम्मा १७ करोड ४८ लाख ७४ हजार

यसका साथै केन्द्रिय सरकार, प्रदेश सरकार, दातृनिकासको साझेदारी कार्यक्रम र श्रोत सुनिश्चित नभएका तोकिएर आउने अन्य कार्यक्रमहरु समाबेश गरीएको छैन ।

अन्त्यमा,

नगरको आर्थिक सामाजिक बिकासमा निरन्तर सहयोग पु-याउने सम्पूर्ण नगरबासिहरु, बुद्बीजिबी, संचारकर्मी, करदाता, बिकासका साझेदारहरु र स्थानीय प्रशासन प्रती हार्दिक आभार प्रकट गर्न चाहन्छुँ । प्रस्तुत बजेटको नगर सभाबाट स्वीकृत हुने बिस्तृत बाँडफाड सहितको बजेट कार्यक्रम कार्यान्वियनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छुँ ।

धन्यवाद

भुमिशरण ढकनल वजगाई

नगरउपप्रमुख

मितिः २०७८।३।१०